# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण २८ गते २०२० साल


श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जि. बुटवल तप्प हाटी मौजे कचरीहवाका जिमिदार श्रीगिरजाप्रसाद शम्भुप्र साद चौधरीको भैरहवा लुम्बिनी मूल सडकको उत्तर मौजे महत कोलवाको दक्षिण कचरी-हवाकै बांकी जग्गाको पूर्व र मौजे पिपरहियाको पश्चिम यति चार किल्लाभित्रको प्रति बिगाहाको ने.रू, २० पोत र ने.रू. ।१० हात्तीसार रकम लाग्ने ३३।४।२ तेत्तीस बिगाहा नौकट्ठा बाह्र धुर महेन्द्र सुगर एण्ड जनरल इण्डष्ट्रिज (प्राइभेट) लि. द्वारा भैरहवामा स्थापना हुने चिनी कारखानाको निमित्त जग्गा प्राप्त गराइदिने निर्णय गरेकोहुनाले जग्गाको धनीले जग्गाको मोल र जग्गा लिदाको अरू नोक्सानी बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने कुरा खुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव,
उद्योग तथा वाणिज्य मन्त्रालय ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१७५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।